नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०७७/०१/०४

## प्रेस विज्ञप्ति

कोरोना भाइरस (कोभिड-१९) को संकमण रोकथाम र नियन्त्रणका लागि गत २०७६ चैत्र ११ गतेदेखि मुलुकभर बन्दा-बन्दी (लकडाउन) रहेको र पछिल्लो पटक यसलाई २०७७ वैशाख १५ सम्मका लागि निरन्तरता दिइएको अवस्थामा यस विषम परिस्थितिवाट शिक्षामा परेको असर तथा तत्काल गर्नु पर्ने काम र आगामी आर्थिक वर्षमा प्राथमिकतामा राख्नु पर्ने नीति तथा कार्यक्रमका विषयमा आज माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलज्यूले सातओटै प्रदेशका माननीय सामाजिक विकास मन्त्रीज्यूहरुसँग अनलाइन पद्धतिवाट बैठक तथा छलफल गर्नु भएको छ ।

आज सम्पन्न भएको उक्त बैठकमा हाल स्थगित रहेको कक्षा १० को एसइइ परीक्षा तथा कक्षा ११ र १२ को परीक्षाको व्यवस्थापन र सञ्चालनका बैकल्पिक उपायहरु, विद्यार्थीको सिकाइमा अनलाइन एवम् खुला तथा बैकल्पिक पद्धतिको प्रयोगको सम्भावना, लकडाउन लम्विएको अवस्थामा शैक्षिक सत्रको व्यवस्थापन लगायत आगामी आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारका शिक्षा सम्वन्धी नीति तथा कार्यक्रममा प्राथमिकतामा पर्नु पर्ने विषयहरु एवम् सहकार्यका क्षेत्रहरुमा छलफल भएको थियो । उल्लेख गरिएका यी समसामयिक विषयहरुमा प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्रीज्यूहरुबाट व्यक्त राय तथा सुझाव एवम् सम्वन्धित विषयका विज्ञहरुवाट आएका धारणाहरु समेतलाई समेटि विभिन्न विकल्पहरु सहित आगामी कार्यक्रमहरु तय गर्न माननीय मन्त्रीज्यूवाट सम्वन्धित प्राविधिक टोलि एवम् पदाधिकारीहरुलाई निर्देशन दिनु भएको व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

०७७।१।४

(दीपक शर्मा)

सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np